परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily    राष्ट्रिय दैनिक

वर्ष : ४   अंक : २७९   पृष्ठ ४   २०८३ साउन १३ गते बुधबार   29 July, 2026   मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## जन्मदिनमा भोज होइन

# अटिजम भएका बालबालिकाको शिक्षामा सहयोगः मञ्जु क्षेत्री

**“जन्मदिनमा खर्चिने रकमलाई सामाजिक सेवामा रूपान्तरण गर्दै मञ्जु क्षेत्रीले अटिजम भएका बालबालिकाको शिक्षामा सहयोग गरेपछि उनको जन्मदिन प्रेरणादायी सन्देश बनेको छ।“**

● टक नेपाल

महोत्तरीको बर्दिवासकी समाजसेवी मञ्जु क्षेत्रीले आफ्नो जन्मदिनलाई सामाजिक सेवासँग जोड्दै फरक क्षमता (अटिजम/स्वलिनता) भएका बालबालिकाको शिक्षाका लागि रु. २५ हजार आर्थिक सहयोग गरेकी छन् ।

बर्दिवास नगरपालिका-२ स्थित सि.आसा फाउन्डेसनद्वारा सञ्चालित आसा विद्यालयलाई उनले जन्मदिनका अवसरमा उक्त रकम प्रदान गरेकी हुन् । बर्दिवास नगर पालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीकी धर्मपत्नीसमेत रहेकी क्षेत्रीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष श्रेष्ठलाई रु. २५ हजारको चेक हस्तान्तरण गरिन् ।



जन्मदिनका नाममा हुने अनावश्यक खर्च कटौती गरी त्यसलाई सामाजिक उत्तरदायित्वसँग जोड्ने उद्देश्यले सहयोग गरिएको क्षेत्रीले बताएकी छन् । विद्यालयमा अध्ययनरत फरक क्षमता भएका बालबालिकाको शैक्षिक आवश्यकता पूरा गर्न सहयोग पुग्ने विश्वासका साथ रकम प्रदान गरिएको उनको भनाइ छ ।

विद्यालयले क्षेत्रीको यो कार्यलाई व्यक्तिगत उत्सवलाई सामाजिक सेवामा रूपान्तरण गर्ने प्रेरणादायी उदाहरणका रूपमा लिएको छ । विद्यालयका अनुसार जन्मदिन, वैवाहिक वर्षगाँठलगायत व्यक्तिगत अवसरमा हुने अनावश्यक खर्चलाई शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा लगानी गर्ने संस्कारले समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्छ ।

हाल सि.आसा फाउन्डेसनअन्तर्गत सञ्चालित आसा विद्यालयमा बर्दिवास नगरपालिकासहित आसपासका विभिन्न जिल्लाका २५ जना फरक क्षमता (अटिजम/स्वलिनता) भएका बालबालिका अध्ययनरत छन्। विद्यालयले उनीहरूलाई औपचारिक शिक्षासँगै आवश्यकताअनुसार विशेष शैक्षिक तथा व्यवहारिक गतिविधि सञ्चालन गर्दै आएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्तोष श्रेष्ठले प्राप्त सहयोगले विद्यालयका शैक्षिक गतिविधि सञ्चालन तथा विद्यार्थीको आवश्यकतामा सहयोग पुग्ने बताए। उनका अनुसार फरक क्षमता भएका बालबालिकाका लागि आवश्यक स्रोत, साधन र उपयुक्त शैक्षिक वातावरण व्यवस्थापन चुनौतीपूर्ण हुने भएकाले व्यक्तिगत तथा सामाजिक क्षेत्रबाट प्राप्त सहयोग महत्वपूर्ण हुने गरेको छ ।

स्थानीय समाजसेवी पोषण थापाले मञ्जु क्षेत्रीको सहयोगलाई समाजमा सकारात्मक सन्देश दिने उदाहरणको रूपमा उल्लेख गर्दै जन्मदिनलाई केवल व्यक्तिगत उत्सवमा सीमित नराखी सामाजिक सेवासँग जोड्ने संस्कारको विकास आवश्यक रहेको बताए ।

क्षेत्रीबाट प्राप्त रु. २५ हजार सहयोग विद्यालयका विद्यार्थीहरूको शैक्षिक गतिविधि तथा आवश्यकतामा खर्च गरिने विद्यालयले जनाएको छ ।

# मिनी ट्रकको फल्स बटमबाट ४५४ किलो गाँजा बरामद, एक पक्राउ

● टक नेपाल

बर्दिबासमा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलीले मिनी ट्रकको छतमा बनाइएको ‘फल्स बटम’ (नक्कली तह) भित्र लुकाएर राखिएको ४५४ किलो ग्राम गाँजासहित एक जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार सिन्धुलीको भिमानबाट महोत्तरीतर्फ आउँदै गरेको बा ४ ख ५६२१ नम्बरको मिनी ट्रकलाई बर्दिबास नगरपालिका-३ मा शंकाको आधारमा रोकी जाँच गरिएको थियो । जाँचका क्रममा ट्रकको छतमा विशेष रूपमा बनाइएको फल्स बटमभित्र ६० वटा पोकामा लुकाएर राखिएको ४५४ किलोग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा ललितपुरको गोदावरी नगर



पालिका-३ निवासी २६ वर्षीय विश्व तामाङलाई पक्राउ गरिएको छ ।

पक्राउ परेका तामाङ, बरामद गाँजा, मिनी ट्रक, सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब तथा एक थान मोबाइल थप अनुसन्धान र कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा बुझाइएको प्रहरीले जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरोले पछिल्लो समय विभिन्न सवारी साधनमा गोप्य स्थान (फल्स बटम) निर्माण गरी लागुऔषध ओसारपसार गर्ने प्रवृत्ति बढ्दै गएको उल्लेख गर्दै यस्ता अवैध गतिविधिविरुद्ध निगरानी र कारबाहीलाई थप प्रभावकारी बनाइएको जनाएको छ ।



पत्रिकारिता लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### गुरुको सम्मान, ज्ञानको उज्यालो

आषाढ शुक्ल पूर्णिमाका दिन मनाइने गुरुपूर्णिमा नेपाली समाजमा ज्ञान, संस्कार र मार्गदर्शनप्रति कृतज्ञता व्यक्त गर्ने महत्त्वपूर्ण पर्व हो। यस दिन वेदव्यासको जन्मजयन्ती मनाइने भएकाले यसलाई व्यास जयन्तीका रूपमा पनि स्मरण गरिन्छ। वेद, महाभारत, पुराण तथा अन्य शास्त्रहरूको रचना र वर्गीकरणमार्फत मानव सभ्यतालाई ज्ञानको अमूल्य सम्पदा प्रदान गरेका वेदव्यासलाई सम्पूर्ण जगत्का गुरुका रूपमा सम्मान गरिन्छ।

'गुरु' शब्दको अर्थ अज्ञानरूपी अन्धकार हटाई ज्ञानको प्रकाश फैलाउने व्यक्ति हो । यही कारण गुरुको स्थान हाम्रो संस्कृति र दर्शनमा अत्यन्त उच्च मानिएको छ। आमाबुवा जीवनका पहिलो गुरु हुन्, जसले संस्कार, नैतिकता र जीवनका आधारभूत मूल्य सिकाउँछन्। त्यसपछि शिक्षक र प्राध्यापकले व्यक्तिको बौद्धिक विकास, सीप र चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्। यिनै आधारमा सक्षम नागरिक र सभ्य समाज निर्माण सम्भव हुन्छ।

आज प्रविधिको तीव्र विकाससँगै ज्ञानका स्रोत विस्तार भएका छन्। तर सूचना मात्र ज्ञान होइन भन्ने तथ्य बुझ्न आवश्यक छ। सही मार्गदर्शन, नैतिक चेतना र मानवीय मूल्यको विकासका लागि गुरुको भूमिका अझै अपरिहार्य छ। पुस्तान्तरण हुँदै आएको गुरु-शिष्य परम्पराले केवल शिक्षा होइन, अनुशासन, जिम्मेवारी र जीवनदर्शन पनि हस्तान्तरण गरेको छ।

वर्तमान समाजमा गुरुको सम्मान केवल औपचारिक कार्यक्रम वा उपहारमा सीमित हुनु हुँदैन । गुरुले दिएका ज्ञान, संस्कार र मूल्यलाई व्यवहारमा उतार्नु नै सच्चा श्रद्धाञ्जली हो । गुरुपूर्णिमाले शिक्षा, अनुसन्धान, नैतिकता र आजीवन सिकाइको संस्कृतिलाई अझ सुदृढ बनाउन प्रेरणा दिनुपर्छ ।

ज्ञान, विवेक र चरित्र निर्माणको आधार गुरु हुन् । त्यसैले गुरुपूर्णिमाको सन्देशलाई आत्मसात् गर्दै गुरुजनप्रति सम्मान, ज्ञानप्रति समर्पण र असल संस्कारको विकास गर्नु आजको समाजको साझा दायित्व हो।

# मधेश मानव अधिकार सम्मेलनको १५ बुँदे घोषणा
## सीमान्तकृत समुदायका अधिकार सुनिश्चित गर्न सरकारसँग माग

• टक नेपाल




मधेश प्रदेश मानव अधिकार सम्मेलनले दलित, महिला, बालबालिका, हरुवा-चरुवा, आदिवासी जनजाति, मुस्लिम तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यकलगायत सीमान्तकृत समुदायका अधिकारको प्रभावकारी संरक्षण र कार्यान्वयनका लागि सरकारसँग १५ बुँदे घोषणा-पत्रमार्फत ठोस पहल गर्न आग्रह गरेको छ।

इन्सेक, मुक्ति नेपाल, सबल नेपाल, रोयम नेपाल, एनएडब्लुएचआरडी, कायापलट, राष्ट्रिय दलित नेटवर्क र दलित जनकल्याण युवा क्लबको आयोजनामा तथा मानव अधिकार, लोकतन्त्र र सामाजिक न्यायका क्षेत्रमा कार्यरत विभिन्न संस्थाको सहकार्यमा सोमबार जनकपुरधाममा सम्पन्न सम्मेलनले नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि-सम्झौताहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिएको हो।

सम्मेलनले संविधानले जातीय विभेद र छुवाछुतलाई निषेध गरे पनि व्यवहारमा दलित तथा सीमान्तकृत समुदायमाथि विभेद, सामाजिक बहिष्करण, अन्तरजातीय विवाहका कारण झुटा मुद्दा दर्ता हुने तथा हिरासतमा मृत्यु हुनेजस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका घटना अझै भइरहेकाले यस्ता गतिविधि रोक्न राज्यका सबै निकायले प्रभावकारी कदम चाल्नुपर्ने माग गरेको छ।

घोषणा-पत्रमा हालैको युवा (जेन्जी) आन्दोलनसँग सम्बन्धित राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गरी त्यसका सिफारिस कार्यान्वयन गर्न तथा शान्तिपूर्ण आन्दोलन र अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न सरकारसँग आग्रह गरिएको छ। साथै, नागरिकमाथि हुने अनावश्यक धरपकड र अधिकारको दुरुपयोग रोक्न तथा दोषीलाई कानुनी दायरामा ल्याउन पनि माग गरिएको छ।

सम्मेलनले मधेशका आठवटै जिल्लामा मुक्त हरुवा-चरुवाको तथ्याङ्क संकलन, प्रमाणीकरण र परिचयपत्र वितरणसम्बन्धी कार्य तीन महिनाभित्र सम्पन्न गरी कार्यान्वयन गर्न आग्रह गरेको छ। उनीहरूका लागि नागरिकता, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, विद्यालय भर्ना, सम्मानजनक रोजगारी तथा छुट्टै बजेटसहित विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ। पुनर्स्थापना नहुँदासम्म जबर्जस्ती विस्थापन रोक्न तथा भूमिहीन मुक्त हरुवा-चरुवालाई लालपुर्जासहित बासयोग्य र कृषियोग्य जग्गा उपलब्ध गराउन पनि सरकारसँग माग गरिएको छ।

बाल अधिकारका क्षेत्रमा सम्मेलनले बालविवाह, बालश्रम र बाल हिंसालाई गम्भीर चुनौतीका रूपमा उल्लेख गर्दै प्रभावकारी कार्ययोजना लागू गर्न, प्रत्येक स्थानीय तहमा बाल अधिकार समिति, बाल कल्याण अधिकारी र बाल संरक्षण कोष अनिवार्य गर्न तथा बालमैत्री बजेट प्रणाली लागू गर्न आग्रह गरेको छ। साथै बालबालिकाको मानसिक स्वास्थ्य, साइबर सुरक्षा, डुबेर हुने बाल मृत्यु न्यूनीकरण तथा स्थानीय योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ।

घोषणा-पत्रमा मधेशमा विद्यमान बालविवाह, दाइजो, कथित बोक्सी प्रथा र घुम्टो प्रथाजस्ता हानिकारक सामाजिक अभ्यास अन्त्य गर्न विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन तथा आवश्यक नयाँ नीति र कानुन निर्माण गर्नुपर्ने उल्लेख छ। महिला तथा बालबालिकामाथि हुने हिंसा, मानव बेचबिखन र यौनजन्य हिंसा रोक्न पीडितमैत्री न्याय प्रणाली, सुरक्षित आश्रयस्थल, पुनर्स्थापना सेवा र पर्याप्त बजेट सुनिश्चित गर्न पनि सरकारसँग माग गरिएको छ।

महिला, किशोरी र युवामा बढ्दो मानसिक स्वास्थ्य समस्यालाई सार्वजनिक स्वास्थ्य र मानव अधिकारको विषयका रूपमा सम्बोधन गर्दै स्थानीय तहसम्म मनोसामाजिक परामर्श सेवा विस्तार गर्न तथा आत्महत्या रोकथामका लागि समन्वित नीति लागू गर्नुपर्ने आवश्यकता सम्मेलनले औँल्याएको छ।

युवाको नेतृत्व विकास, निर्णय प्रक्रियामा सहभागिता, शिक्षा, सीप, सम्मानजनक रोजगारी, उद्यमशीलता, डिजिटल पहुँच र मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी युवामैत्री नीति तथा बजेट व्यवस्था गर्न पनि सरकारसँग आग्रह गरिएको छ।

त्यस्तै, जलवायु न्याय, वातावरण संरक्षण, स्वच्छ ऊर्जा प्रवर्द्धन, विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायका अधिकार सुनिश्चित गर्न प्रभावकारी नीति कार्यान्वयन गर्नुपर्ने घोषणा-पत्रमा उल्लेख गरिएको छ। वातावरणीय निर्णय प्रक्रियामा नागरिक तथा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पनि सम्मेलनले जोड दिएको छ।

सम्मेलनले धार्मिक स्वतन्त्रता, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न, धार्मिक आधारमा हुने विभेद अन्त्य गर्न तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यक समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र सार्वजनिक सेवामा समान पहुँच सुनिश्चित गर्न सरकारसँग माग गरेको छ । साथै, आदिवासी जनजातिको पहिचान, भाषा, संस्कृति, प्राकृतिक स्रोतमा पहुँच तथा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धि-१६९ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था तत्काल लागू गर्नुपर्नेमा पनि जोड दिएको छ।

सम्मेलनमा सहभागी नागरिक समाज, महिला मानव अधिकार रक्षक, वातावरण तथा मानव अधिकार रक्षक, अपाङ्गता भएका व्यक्ति, सञ्चारकर्मी, युवा, महिला, बालबालिका तथा अन्य सरोकारवालाले मानव अधिकारको संरक्षण, प्रवर्द्धन र प्रभावकारी कार्यान्वयनप्रति साझा प्रतिबद्धता जनाउँदै १५ बुँदे घोषणा-पत्र जारी गरेका हुन्।

# पूर्व वडाध्यक्षविरुद्ध रु. १५ लाख भ्रष्टाचार मुद्दा

• टक नेपाल

धनुषाको विदेह नगरपालिका-५ का पूर्व वडाध्यक्ष विजयकुमार यादवविरुद्ध रु. १५ लाख ९ हजार २५० बराबरको भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक सम्पत्तिको दुरुपयोग तथा हिनामिनाको आरोपमा यादवविरुद्ध मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार वडा नं. ५ लाई स्थानीयवासीको सेवा सुविधाका लागि प्राप्त भएको एम्बुलेन्सलाई वडा कार्यालयको जिन्सी अभिलेखमा आम्दानी नबाँधी निजी नियन्त्रणमा राखेर सञ्चालन गरिएको तथा आफूखुसी भाडा असुल गरी सार्वजनिक सम्पत्तिको हिनामिना गरिएको आरोप छ।

आयोगका अनुसार २०७७ असोज १४ गते भएको सम्झौताअनुसार वडावासीलाई निःशुल्क सेवा उपलब्ध गराउने उद्देश्यले प्राप्त एम्बुलेन्सलाई व्यक्तिगत नियन्त्रणमा राखी सञ्चालन गरिएको थियो।

उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अन्तर्गतको कसुर भएको ठहर गर्दै आयोगले रु. १५ लाख ९ हजार २५० बिगो कायम गरी सोही बराबर जरिवाना तथा कैद सजायको मागसहित विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ।









# सर्लाहीका १८ पालिकामा बालबालिकामा उच्च शीघ्र कुपोषण, हरिपुर सबैभन्दा प्रभावित

टक नेपाल

सर्लाहीका १८ वटा स्थानीय तहमा पाँच वर्षमुनिका बालबालिकामा उच्च शीघ्र कुपोषण (ब्अगतभ :बलिगतचष्तष्यल) को समस्या देखिएको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार मधेश प्रदेशका १०९ स्थानीय तहमध्ये १८ वटा सर्लाहीका रहेका छन् ।


शीघ्र कुपोषण भन्नाले बालबालिकाको उचाइको तुलनामा आवश्यकभन्दा कम तौल हुने अवस्थालाई जनाउँछ। पाँच वर्षमुनिका बालबालिकाको तौल र उचाइको अनुपातका आधारमा कुपोषणको अवस्था मापन गरिन्छ ।

तथ्यांकअनुसार मधेश प्रदेशमै सबैभन्दा बढी शीघ्र कुपोषण सर्लाहीको हरिपुर नगरपालिकामा देखिएको छ। यहाँ ८.८ प्रतिशत बालबालिकामा कडा कुपोषण भेटिएको छ ।

हरिपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख नवलकिशोर रायका अनुसार हालै गरिएको पोषण लेखाजोखामा विशेषगरी मुस्लिम र दलित बस्तीका बालबालिका बढी कुपोषित भेटिएका छन्। उनका अनुसार मजुर्वा, फरहदवा, लक्ष्मीपुर तथा हरिपुर-२ का दलित बस्तीमा कुपोषणको समस्या बढी देखिएको हो ।

उच्च कुपोषणको अवस्था देखिएपछि परिवार कल्याण महाशाखा तथा विभिन्न दातृ निकायको सहयोगमा पोषणसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। स्वास्थ्य शाखाका अनुसार सरकारको मापदण्डअनुसार पोषण आहार वितरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएपछि कुपोषित बालबालिकाको अवस्थामा क्रमिक सुधार देखिन थालेको छ ।

हरिपुरपछि विष्णु गाउँपालिका र रामनगर गाउँपालिकामा ५.५ प्रतिशत बालबालिकामा



कडा कुपोषण देखिएको छ। त्यसैगरी कविलासी नगरपालिकामा ५.४ प्रतिशत, चक्रघट्टा गाउँपालिकामा ५.३ प्रतिशत, ईश्वरपुर नगरपालिकामा ५.१ प्रतिशत, बसबरिया गाउँपालिकामा ४.९ प्रतिशत, कौडेना गाउँपालिकामा ४.६ प्रतिशत, बरहथवा नगरपालिकामा ४.२ प्रतिशत, गोडैता नगरपालिकामा ४ प्रतिशत, पर्सा, धनकौल र बागमती गाउँपालिकामा ३.६ प्रतिशत, मलङ्गवा नगरपालिकामा ३.३ प्रतिशत, ब्रह्मपुरी, चन्द्रनगर र बलरा गाउँपालिकामा २.६ प्रतिशत तथा हरिपुर्वा नगरपालिकामा २.५ प्रतिशत बालबालिकामा उच्च शीघ्र कुपोषण देखिएको छ ।

यता लालबन्दी र हरिवन नगरपालिकामा भने पोषणको अवस्था तुलनात्मक रूपमा राम्रो रहेको तथ्यांकले देखाएको छ। लालबन्दी नगरपालिकाका स्वास्थ्य शाखा अधिकृत रोशन चौधरीका अनुसार स्वास्थ्य सेवा, पोषण कार्यक्रमको पहुँच र जनचेतनाको स्तर अपेक्षाकृत राम्रो भएकाले अन्य पालिकाको तुलनामा कुपोषणको समस्या कम देखिएको हो ।

स्वास्थ्यकर्मीका अनुसार मधेश प्रदेशमा विशेषगरी गरिबी, पोषिलो आहारको अभाव, असुरक्षित खानेपानी, सरसफाइको कमी तथा उचित शिशु तथा बाल आहारसम्बन्धी जानकारीको अभावका कारण मुस्लिम र दलित समुदायमा कुपोषणको समस्या बढी देखिने गरेको छ ।

चन्द्रनगर गाउँपालिका-६ कामदका मुसहर समुदायका अगुवा तथा राष्ट्रिय मुसहर संघका अध्यक्ष ऋतुराज ऋषि (मुसहर) ले गरिबीका कारण धेरै दलित परिवारमा अभिभावकसँगै बालबालिका पनि भोकै सुत्नुपर्ने अवस्था रहेको बताए। एक जनाको कमाइबाट छ-सात सदस्य पाल्नुपर्ने बाध्यताका कारण नियमित रूपमा पोषिलो खाना उपलब्ध गराउन नसकिएको उनको भनाइ छ ।

स्वास्थ्य कार्यालय सर्लाहीका जनस्वास्थ्य अधिकृत सुशीलकुमार झाका अनुसार पर्याप्त र सन्तुलित आहारको अभाव, सरसफाइमा कमी तथा उचित शिशु पोषण अभ्यास नहुनु कुपोषणका प्रमुख कारण हुन्। उनले अन्न, गेडागुडी, हरियो सागसब्जी, माछामासु तथा दूधजन्य पदार्थको सन्तुलित सेवनबारे जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याए ।

बालबालिकामा कुपोषण न्यूनीकरणका लागि सरकारले सबै स्वास्थ्य संस्थामार्फत उपचारात्मक पोषण आहार (आरयूटीएफ) निःशुल्क उपलब्ध गराउँदै आएको छ। सर्लाहीका प्रभावित पालिकामा स्थानीय तह तथा गैरसरकारी संस्थासँग समन्वय गरी पोषणसम्बन्धी सचेतना तथा उपचार कार्यक्रमलाई थप प्रभावकारी बनाइएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## साहु–महाजनको ज्ञापनपत्र : ‘वास्तविक लगानीको संरक्षण गरियोस्, झुटा मिटरब्याजी दाबीको छानबिन होस्’

टक नेपाल

वास्तविक लगानी कारोबारको संरक्षण, मुलुकी देवानी संहिताको प्रभावकारी कार्यान्वयन तथा मिटरब्याजीका नाममा हुने ठगी नियन्त्रण गर्न माग गर्दै जनकपुरधामका साहु-महाजनहरूले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।

सोमबार प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेललाई बुझाइएको ज्ञापनपत्रमा वास्तविक पीडितले न्याय पाउनुपर्ने विषयमा आफूहरूको पूर्ण समर्थन रहेको उल्लेख गर्दै झुटा दाबी गर्ने व्यक्तिहरूको समेत निष्पक्ष छानबिन गर्न माग गरिएको छ ।

ज्ञापनपत्रमा पछिल्लो समय मिटरब्याजी पीडितका नाममा भइरहेको आन्दोलनको आडमा केही व्यक्तिले वास्तविक ऋण तिर्ने दायित्वबाट उम्किन खोजेको आरोप लगाइएको छ। आफ्नै मेहनतको कमाइ, पेन्सन वा सम्पत्ति बिक्री गरेर विश्वासका आधारमा ऋण लगानी गरेका व्यक्तिहरू नै उल्टै पीडित बन्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ ।

साहु-महाजनहरूले मुलुकी देवानी संहिता, २०७४ मा लेनदेन, लिखत, ब्याज तथा कानुनी उपचारसम्बन्धी स्पष्ट व्यवस्था रहेकाले त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

ज्ञापनपत्रमा आन्दोलनमा सहभागी सबै व्यक्तिलाई स्वतः पीडितका रूपमा नहेर्न आग्रह गर्दै बैंक खाताको विवरण, तमसुक, सावाँ रकमको कारोबार तथा अन्य प्रमाणका आधारमा वास्तविक पीडित र नियतवश ऋण नतिर्न खोज्ने व्यक्तिबीच स्पष्ट छुट्याउन माग गरिएको छ ।

उनीहरूले मिटरब्याजीसम्बन्धी उजुरीको निष्पक्ष अनुसन्धान, लेनदेनसम्बन्धी विवाद



अदालत तथा प्रचलित कानुनअनुसार समाधान गर्ने व्यवस्था, झुटा उजुरी दिने व्यक्तिमाथि कानुनी कारबाही, वैधानिक रूपमा गरिएको लगानीको सावाँ-ब्याज असुलीको सुनिश्चितता तथा अनुचित लेनदेनसम्बन्धी शाखामार्फत भएका सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग माग गरेका छन् ।

साथै, नेपाल सरकार मन्त्रिपरिषद्ले साउन ६ गते गरेको निर्णय पुनर्विचार गर्न पनि ज्ञापनपत्रमार्फत आग्रह गरिएको छ। एकतर्फी निर्णयले कानुनी राज्यको अवधारणामा असर पुग्न सक्ने उल्लेख गर्दै कानुनी प्रक्रियाअनुसार भएका वैधानिक कारोबारको संरक्षण गर्न सरकारसँग माग गरिएको छ ।

ज्ञापनपत्र बुझ्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले मागपत्र सम्बन्धित निकायसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै वास्तविक पीडितले न्याय पाउनुपर्नेमा जोड दिए ।

## देवानगञ्ज घटनामा छानबिनको माग
## महोत्तरीबाट विश्व हिन्दु परिषद्को सरकारलाई ज्ञापनपत्र

टक नेपाल

विश्व हिन्दु परिषद् नेपाल, महोत्तरी जिल्ला कार्यसमितिले सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा भएको हिंसात्मक घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा धार्मिक कार्यक्रमको सुरक्षा सुनिश्चित गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी मार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

प्रमुख जिल्ला अधिकारीमार्फत बुझाइएको ज्ञापनपत्रमा बोलबम यात्राको तयारीका क्रममा मन्दिर परिसरमा भएको आक्रमण तथा त्यसपछि सुरक्षाकर्मीबाट भएको बल प्रयोगप्रति गम्भीर आपत्ति जनाइएको छ। परिषद्ले उक्त घटनाले सम्पूर्ण हिन्दु समुदायलाई स्तब्ध, आक्रोशित र मर्माहत बनाएको उल्लेख गरेको छ ।

ज्ञापनपत्रमा मन्दिर परिसरमा भजन-कीर्तन भइरहेको समयमा केही व्यक्तिले मन्दिरको झण्डा र ध्वनि प्रणालीमाथि आक्रमण गरी धार्मिक सद्भाव बिथोल्ने प्रयास गरेको दाबी गरिएको छ। त्यसपछि अवस्था नियन्त्रणका क्रममा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गर्दा स्थानीय २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको तथा दर्जनौं व्यक्ति घाइते भएको परिषद्को भनाइ छ ।

परिषद्ले घटनाको सत्यतथ्य पत्ता लगाउन स्वतन्त्र, निष्पक्ष र पारदर्शी उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्न, गोली चलाउने आदेश दिने तथा गोली प्रहारमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्न माग गरेको छ ।

त्यसैगरी, मृतक ओमप्रकाश मेहतालाई शहीद घोषणा गर्दै उनका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेहरूको सम्पूर्ण उपचार खर्च राज्यले व्यहोर्न तथा धार्मिक कार्यक्रममा पर्याप्त सुरक्षा व्यवस्था मिलाउन पनि सरकारसँग आग्रह गरिएको छ ।

ज्ञापनपत्रमा सुरक्षा व्यवस्थापनमा कमजोरी देखिएको विषयमा जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन तथा सामाजिक सद्भाव बिथोल्ने उद्देश्यले भ्रामक सूचना र अफवाह फैलाउने व्यक्तिमाथि समेत कानुनी कारबाही गर्नुपर्ने माग गरिएको छ ।

विश्व हिन्दु परिषद् महोत्तरीले आफ्ना मागहरू तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गर्दै अन्यथा हिन्दु समाज शान्तिपूर्ण तर सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहुद्वा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# नारायणी अस्पताल विवाद चर्कियो
# ६८ चिकित्सकको सामूहिक राजीनामा




• टक नेपाल

वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचारका क्रममा बिरामी राजकुमार पटेलको मृत्यु भएपछि उत्पन्न विवाद थप चर्किएको छ। घटनामा संलग्नमाथि कारबाहीको माग गर्दै चिकित्सक आन्दोलनमा उत्रिएपछि नेपाल चिकित्सक सङ्घको आह्वानमा नारायणी अस्पतालसहित देशभरका सरकारी अस्पतालमा आकस्मिकबाहेकका सेवा प्रभावित भएका छन् ।

नेपाल चिकित्सक सङ्घ, नारायणी शाखाका अध्यक्ष डा. मनोज गुप्ताका अनुसार घटनाबारे छलफलका लागि नारायणी अस्पतालका प्रमुख डा. चितरञ्जन साहको आग्रहमा चिकित्सकहरूको टोली जिल्ला प्रशासन कार्यालय पर्सा पुगेको थियो। तर, त्यहाँ प्रमुख जिल्ला अधिकारी भोला दाहाल र प्रहरी उपरीक्षक सुदीपराज पाठकबाट चिकित्सकमाथि दुर्व्यवहार तथा हातपातको प्रयास भएपछि वार्ता निष्कर्षविहीन बनेको उनले आरोप लगाए।

चिकित्सकहरूले अस्पतालको सिसिटिभी फुटेजका आधारमा आक्रमणमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्नुपर्ने अडान राखेका छन् । यद्यपि, आरोपबारे प्रतिक्रिया लिन खोज्दा प्रमुख जिल्ला अधिकारी दाहाल र प्रहरी उपरीक्षक पाठक सम्पर्कमा आएका छैनन् ।

यसैबीच, नेपाल मेडिकल काउन्सिलका डा. रविन बस्नेत, डा. रुबी यादव र डा. जितेन्द्र मिश्रसहितको टोलीले सोमबार घटनास्थल पुगेर छानबिन गरी फर्किएको अस्पतालका प्रमुख डा. चितरञ्जन साहले जानकारी दिए।

डा. साहका अनुसार घटनामा संलग्नमाथि कानुनी कारबाही नभएको भन्दै अस्पतालमा कार्यरत ७५ चिकित्सकमध्ये ६८ जनाले सामूहिक राजीनामा बुझाएका छन् ।

घटनामा गम्भीर घाइते भएका चिकित्सक डा. प्रमोद रामलाई थप उपचारका लागि सोमबार काठमाडौँस्थित राष्ट्रिय ट्रमा सेन्टर पठाइएको छ।

उता, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विज्ञप्ति जारी गर्दै कुनै पनि अवस्थामा स्वास्थ्य सेवा अवरुद्ध नगर्न चिकित्सकसँग आग्रह गरेको छ मन्त्रालयले चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै दोषीमाथि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको जनाएको छ।

शनिबार वीरगञ्ज महानगरपालिका-२५ निवासी राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि उनका आफन्त र स्थानीयले नारायणी अस्पतालको आकस्मिक कक्षमा तोडफोड गर्नुका साथै उपचारमा संलग्न चिकित्सकमाथि कुटपिट गरेका थिए । त्यसयता अस्पतालमा तनाव कायम रहँदा स्वास्थ्य सेवा प्रभावित बनेको छ।

# रौतहटमा बेपत्ता १० वर्षीय बालक नहरमा मृत फेला

• टक नेपाल

रौतहटको गरुडा नगरपालिका-१ का १० वर्षीय शेख रिजवान बेपत्ता भएको एक दिनपछि नहरमा मृत अवस्थामा फेला परेका छन् ।

गरुडा नगरपालिका-१ निवासी शेख मंजरका छोरा रिजवान आइतबार साँझ घरबाट निस्किएपछि सम्पर्कविहीन भएका थिए । सोमबार उनी माधव नारायण नगरपालिका-३ स्थित सखुअवा (सखुवा) क्षेत्रको एकमा नहरको कल्भर्टमुनि पानीमा घोप्टो परेको अवस्थामा मृत फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) वसन्त गौतमले जानकारी दिए।

प्रहरीका अनुसार सोमबार दिउँसोसम्म पनि बालक घर नफर्किएपछि उनका बुबाले इलाका प्रहरी कार्यालय शिवनगरमा हुलियासहित खोजतलासका लागि निवेदन दिएका थिए।

स्थानीयवासीले एकमा नहरको कल्भर्टमुनि बालकको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। त्यसपछि इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यको नेतृत्वमा खटिएको टोलीले शव बाहिर निकालेको थियो।

प्रहरीले शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको जनाएको छ । घटनाको कारण खुल्न बाँकी रहेकाले थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**

# घटाइएको लक्ष्यसमेत पूरा गर्न सकेन जलेश्वर भन्सार कार्यालय

• रवीन्द्र उप्रेती




एक समय लक्ष्यभन्दा १८२ प्रतिशत बढी राजस्व संकलन गरेर चर्चामा आएको जलेश्वर भन्सार कार्यालयको राजस्व असुली पछिल्ला चार वर्ष देखि निरन्तर ओरालो लागेको छ । पेट्रोलियम पदार्थको आयात ठप्प हुनु, कृषि अग्रिम कर खारेज हुनु तथा आयातको संरचनामा आएको परिवर्तनका कारण राजस्व संकलनमा उल्लेख्य गिरावट आएको भन्सार कार्यालयले जनाएको छ।

गत पाँच आर्थिक वर्षको तथ्याङ्कले जलेश्वर भन्सारको लक्ष्य र वास्तविक असुलीबीचको दूरी बढ्दै गएको देखाउँछ । लक्ष्यसमेत घटाएर निर्धारण गरिए पनि अपेक्षित राजस्व संकलन हुन नसक्दा भन्सारको कार्यसम्पादनमाथि प्रश्न उठ्न थालेको छ।

आर्थिक वर्ष २०७८/७९ मा अर्थ मन्त्रालयले जलेश्वर भन्सारलाई १ अर्ब ७० करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएको थियो । तर कार्यालयले लक्ष्यभन्दा १८२ प्रतिशत बढी अर्थात् ३ अर्ब ९ करोड रुपैयाँ राजस्व उठाउँदै उल्लेखनीय सफलता हासिल गरेको थियो। त्यसपछि भने राजस्व संकलन निरन्तर घट्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ।

आर्थिक वर्ष २०७९/८० मा ३ अर्ब ६३ करोड ९१ लाख रुपैयाँ लक्ष्य तोकिएकोमा २ अर्ब ८१ करोड ७३ लाख रुपैयाँ मात्र असुली भएको थियो। यो लक्ष्यभन्दा करिब २२ प्रतिशत कम हो।

यस्तै, आर्थिक वर्ष २०८०/८१ मा ३ अर्ब ७६ करोड २३ लाख रुपैयाँ लक्ष्य निर्धारण गरिएकामा ३ अर्ब २५ करोड ९८ लाख रुपैयाँ मात्र राजस्व संकलन भयो। उक्त वर्ष राजस्व असुली घट्नुको प्रमुख कारण भारतीय लोकसभा निर्वाचनलाई औँल्याइएको थियो।

आर्थिक वर्ष २०८१/८२ मा अवस्था अझ कमजोर बन्यो। उक्त वर्ष ४ अर्ब ५३ करोड ६२ लाख रुपैयाँ लक्ष्य रहेकामा ५९.४७ प्रतिशत अर्थात् २ अर्ब ६९ करोड ७६ लाख रुपैयाँ मात्र राजस्व संकलन भएको थियो।

राजस्वमा निरन्तर गिरावट आएपछि आर्थिक वर्ष २०८२/८३ का लागि अर्थ मन्त्रालयले लक्ष्य घटाएर करिब ३ अर्ब २६ करोड रुपैयाँ निर्धारण गरेको थियो। तर घटाइएको लक्ष्यसमेत पूरा हुन सकेन। भन्सार अधिकृत भरत अधिकारीका अनुसार उक्त आर्थिक वर्षमा १ अर्ब ६४ करोड ९६ लाख रुपैयाँ मात्र राजस्व संकलन भएको छ, जुन लक्ष्यको ५०.५५ प्रतिशत मात्र हो।

भन्सार प्रमुख राजेन्द्र बस्नेतका अनुसार जलेश्वर भन्सारको राजस्व घट्नुको मुख्य कारण पेट्रोलियम पदार्थको आयात बन्द हुनु हो। भारतको बरौनी रिफाइनरीबाट आयात हुने पेट्रोलियम पदार्थले यसअघि कुल राजस्वको ५५ देखि ६० प्रतिशतसम्म योगदान पुऱ्याउने गरेको उहाँले बताउनुभयो।

"मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालन भएपछि राजस्वमा कमी आउन थाल्यो। सुरुमा पाइपलाइनबाट डिजेल मात्र आयात हुँदा असर सीमित थियो । २०८१ फागुनदेखि पेट्रोलसमेत पाइपलाइनमार्फत आउन थालेपछि जलेश्वर भन्सारबाट पेट्रोलियम आयात लगभग बन्द भयो र त्यसयता राजस्व संकलनमा तीव्र गिरावट देखिएको हो," बस्नेतले भन्नुभयो।

उहाँका अनुसार आर्थिक वर्ष २०८२/८३ देखि कृषि अग्रिम कर खारेज गरिनुले पनि राजस्वमा थप असर परेको छ।

हाल जलेश्वर भन्सारबाट धान, आलु, चिनी, मसला, कोइला, प्याज, चामल, फलफूल तथा हरियो तरकारीजस्ता वस्तुको पैठारी हुँदै आएको छ। यी वस्तुबाट पेट्रोलियम पदार्थको तुलनामा निकै कम राजस्व प्राप्त हुने भन्सार अधिकृत अधिकारीले बताउनुभयो। भारततर्फ भने रिफाइन तेल र भेनियर निर्यात भइरहेको उहाँले जानकारी दिनुभयो।

राजस्व संकलनमा सीमा क्षेत्रका विभिन्न गतिविधिले पनि प्रभाव पार्ने गरेको छ। आन्दोलन, सीमा क्षेत्रमा हुने झडप, निर्वाचन, वर्षा, बाढी तथा भारतीय क्षेत्रमा हुने बन्द-हडतालका कारण आयात-निर्यात प्रभावित हुँदा राजस्व असुलीमा प्रत्यक्ष असर पर्ने भन्सार कार्यालयको भनाइ छ।

व्यापारीहरूका अनुसार विगतमा राजस्वको आधार खुम्चिँदै जाँदा पनि भन्सार विभागले लक्ष्य बढाउँदै आएको थियो। अहिले लक्ष्य घटाइए पनि अपेक्षित राजस्व संकलन हुन नसक्नुले आयात संरचना, राजस्व स्रोत र लक्ष्य निर्धारण प्रणालीबारे पुनरावलोकन आवश्यक रहेको उनीहरूको भनाइ छ। उनीहरूले जलेश्वर भन्सारको बदलिँदो व्यापारिक अवस्था अध्ययन गरी यथार्थपरक लक्ष्य निर्धारण गर्न भन्सार विभागसँग माग गरेका छन्।

# सर्लाहीमा मोटरको करेन्ट लागेर किसानको मृत्यु

• टक नेपाल

सर्लाहीको गोडैता नगरपालिका-११, सिसौटियामा खेतमा सिँचाइका लागि मोटर सञ्चालन गर्ने क्रममा करेन्ट लागेर एक किसानको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय ४५ वर्षीय सञ्जयकुमार यादव रहेका छन् । खेतमा मोटर जडान गरी पानी पटाइरहेका बेला मोटरको तार मिलाउने क्रममा उनलाई करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

करेन्ट लागेर गम्भीर घाइते भएका यादवलाई उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा लगिएको थियो। उपचारका क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमले जानकारी दिए।

यसअघि पनि सर्लाहीमा करेन्ट लागेर एक किसानको ज्यान गएको थियो। गत असार ३० गते बलरा नगरपालिका-१, हथियौलमा धान रोपाइँका क्रममा मोटरबाट करेन्ट लागेर भारतका ५० वर्षीय अरविन्दकुमार सिंहको मृत्यु भएको थियो।

मधेश प्रदेशमा यतिबेला किसानहरू धान रोपाइँ तथा रोपिएको धानमा सिँचाइ गर्न दिनरात मोटर प्रयोग गरिरहेका छन् । लगातार भइरहेका यस्ता घटनाले विद्युतीय उपकरण प्रयोग गर्दा उच्च सतर्कता अपनाउनुपर्ने आवश्यकता औँल्याएको छ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस्।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस्।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस्।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं।

**सोनमा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश**

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014